परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

पानीको सही सदुपयोग गरौं । पानी महसुल समयमै तिरी अनावश्यक जरिवानाबाट बचौं ।

नेपाल खानेपानी संस्थान शाखा कार्यालय देवकोटा चौक विराटनगर

❑ वर्ष ९ ❑ अंक ४ २०७७ श्रावण २५ गते आईतवार Sunday 9, AUG, 2020 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

## स्वास्थ्य कर्मी र कर्मचारीमा कोराना संक्रमणले धमाधम अस्पताल बन्द हुँदा बिरामी विचल्लीमा



स्वास्थ्य कर्मी र कर्मचारीमा कोरोना संक्रमण पुष्टी भएपछि सम्पुर्ण सेवा ठप्प ।

विराटनगर । प्रदेश नं. १ को राजधानी बिराटनगर महानगर पलिका भित्रका अस्पतलमा कार्यरत कर्मचारी र स्वास्थ्य कर्मीहरुमा कोरोना संक्रमण बढ्न थालेपछि धमाधम अस्पताहरु बन्द हुँन थालेको छ भने सर्वसाधारण विचल्लीमा परेको छ ।

निजी नर्सिङ्ग होम र सरकारी अस्पतालका चिकित्सक, स्वास्थ्य कर्मी स्टाफ र कर्मचारीहरु समेतमा कोरोना संक्रमण देखिन थालेपछि सेवा वन्दा गर्नुका साथै अस्पताललाई नैं शिल गर्ने गरेको छ । अस्पतल र नर्सिङ्ग होमहरु बन्द हुँदा दिनहुँ सयौ सर्वसाधारण विरामीहरु विचल्लीमा परेका छन् ।

कोशी अस्पतलमा चिकित्सक, स्वाथ्य कर्मीमा समेत कोरोना संक्रमण देखिपछि केही दिनका लागि ओपीडी सेवा बन्दा गरिएको थियो । केही दिन पछि पुन : संचालनमा ल्याएको भएपनि कोरोना संक्रमणको हल्ला सुनेर विरामी अस्पताल भित्र छिर्न चाहँदैन भने कही अस्पतला भित्र छिरीहालेमा चिकित्सकले उपचार गर्न मान्दैन जसको उदाहरण कोशी अस्पतलको आकस्मिक कक्षकै गेटमै उपचार नपाई उदयपुरका एक यूवकको एम्वुलेन्स भित्रै ज्यान गुमाएका थियो ।

त्यसैगरी विराटनगर स्थित विराट नर्सिङ्ग होम, न्यूरो अस्पतला, गोल्डेल हस्पिटल, मोरंग सहकारी अस्पतालको चिकित्सक, स्वास्थ्य कर्मी र कर्मचारीमा कोरोना संक्रमण देखिएपछि नियमत स्वास्थ्य सेवा वन्द गरेको छ। कोरोना संक्रमणका कारण आधा दर्जन जति अस्पतलाहरु शिलवन्दी गरेको छ ।

विराटनगरको अस्पतला चौकमा रहेको गोल्डेन अस्पतालमा कार्यरत स्वास्थय कर्मीको स्वाव परिक्षण गदाउँदा दुइजना स्वास्थ्यर्मी र एक जना

वांकी अन्तिम पेजमा...

## लागुऔषध कारोबारी संचालक पक्राउ

विराटनगर । नेपालमा प्रतिवन्ध लगाएका प्रतिबन्धित औषधिको कारोबारमा संलग्न कारोवारी र संञ्चालक समेत पक्राउ परेको छ ।

प्रदेश नं. १ को झापा जिल्ला दमक नगरपालिका वडा नं.७ मा एउटा औषधिको थोकविक्रेता पसलमा छापा मार्दा सो रहस्य खुलेको छ ।

औषधी व्यवस्था विभाग विराटनगर र प्रहरीको संयुक्त टोलीले मेडिसिन डिस्ट्रीब्युटर्स नामक औषधिको थोकविक्रेता सञ्चालक गंगाबहादुर खड्कालाई प्रहरीले पक्राउ गरेको छ ।

थोक विक्री गर्न औषधि राखिएको घरबाट नेपालमा आयात, किनबेच र सेवनमा पूर्ण रुपमा प्रतिबन्ध लगाइएका ठूलो परिणामको औषधि पनि प्रहरीले बरामद गरेको छ। विभागका विराटनगर प्रमुख सञ्जीव कट्टेलले औषधिको थोकविक्रेता पसलका आडमा खड्काले प्रतिबन्धित औषधि बिक्रीको धन्दा पनि चलाइएको खुलेको जानकारी गराएका थिए

थोक औषधी विक्री गर्न राखिएको घरबाट एक सय २० पत्ता ट्रामाडोल, ३० पत्ता जेनग्रा रेड, ९५ ट्युब लुलीगार्ड, चार सय बट्टा डर्मीकेम ओसी, १४ पत्ता प्रेगाउट किट, एक सय ४० पत्ता भिवेल फोर्ट र एक सय ५० ट्युब क्लोबेटा जिएम समेतका प्रतिबन्धित औषधि बरामद भएपछि खड्कालाई पक्राउ गरिएको थियो ।

खड्काले प्रतिबन्धित औषधिको पनि कारोबार गर्ने गरेको सूचनाका आधारमा प्रहरी र विभागले उनीमाथि धेरै पहिलेदेखि निगरानी बढाएका थिए । अरु

वांकी अन्तिम पेजमा...

## प्रदेश नं. १ मा ९५ प्रतिशत धान रोपाई

विराटनगर । समयमा नै वर्षा भएका कारण प्रदेश नं. १ का किसानहरुले ९४ प्रतिशत रोपाई सम्पन्न गरेको छ ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको तथ्यांक अनुसार हाल सम्म ९३.९५ प्रतिशत क्षेत्रफलमा रोपाइँ भईसको छ । समयमै मनसुन सुरू भएर पर्याप्त वर्षा भएका कारण यो वर्ष धान खेती हुने अधिकांश क्षेत्रमा छिट्टै रोपाइँ सकिएको भूमिव्यवस्था, कृषितथा सहकारी मन्त्रालयले जनाएको छ ।

प्रदेश १ मा कुल धान रोपाइँ हुने ३ लाख ४० हजार ८ सय २९ हेक्टर क्षेत्रफलमध्ये हालसम्म ३ लाख २० हजार २ सय १० हेक्टर क्षेत्रफलमा रोपाइँ भइसकेको छ । उच्च पहाडी क्षेत्रमा ९५.३२ प्रतिशत क्षेत्रफलमा रोपाइँ सकिएको छ ।

त्यसैगरी पहाडी क्षेत्रमा ९०.२२ र तराईमा ९५.३१ प्रतिशत क्षेत्रफलमा रोपाइँ भइसकेको छ। गतवर्ष यही समयसम्ममा प्रदेश १ मा ७६.६३ प्रतिशत क्षेत्रफलमा मात्रै रोपाइँ सकिएको थियो। जिल्लागत रुपमा सोलुखुम्बु र ओखलढुंगामा शतप्रतिशत क्षेत्रमा रोपाइँ भएको छ ।

झापामा ९८ प्रतिशत, ताप्लेजुङ र संखुवासभामा ९५ प्रतिशत, पाँचथरमा ८८, इलाम ९०, भोजपुर ९४, तेह्रथुम ९०, धनकुटा ८५, उदयपुर ९१, खोटाङ ८६ मोरङ ९४ र सुनसरीमा ९३ प्रतिशत क्षेत्रफलमा रोपाइँ सम्पन्न भई सकेको छ ।

## कोरोना तिब्र रुपमा बढ्दै संक्रमितहरु घरमा बस्न बाध्य

विराटनगर । विश्व भरी फैलिएको कोराना भाइरस (कोभिड १९) को संक्रमण नेपालमा पनि तिब्र रुपमा वृद्धि भई रहेको छ। संक्रमितहरुको लागि सरकारले आसोलेशनको व्यवस्था गर्न नसक्दा घरमै बस्न बाध्य भएका छन् ।

शनिवार मात्रै देश भरीमा ३ सय ७८ कोरोना संक्रिमित थपिएसंगै कुल संक्रमित संख्या २२ हजार ५ सय ९२ पुगेको छ। त्यसैगरी कोरोना संक्रमणवाट मृत्यु हुनेको संख्या ७३ पुगेको छ ।

कोरोना संक्रमित थप भएका जिल्लाहरुमा उपत्यकामा मात्र ६२ जना संक्रमित थपिएका छन्, जसमध्ये काठमाडौं जिल्लामा ५६ जना छन् । ललितपुर र भक्तपुरमा ३ र ३ जना थपिएका छन् ।

त्यसैगरी पर्साका ५५, बाँकेका ४९, मोरङका ३७, सर्लाहीका ३६, धनुषाका २०, महोत्तरीका १७, बाग्लुङका १३, सुनसरीका १०, काभ्रे, स्याङ्जा र बाराका ७र७ जना तथा मकवानपुरका ६ जनमा संक्रमण पुष्टि भएको छ ।

रामेछापका ५, रौतहट, कञ्चनपुर र कैलालीका ४ र ४ जना, ललितपुर, भक्तपुर, कास्की, सुर्खेत, बझाङका ३ र ३ जना, चितवन, सिन्धुली, धादिङ र दोलखाका २ र २ जना तथा नुवाकोट, म्याग्दी, रुकुम पश्चिम, बर्दिया र जाजरकोटका एक/एक जनामा संक्रमण पुष्टि भएको छ ।

स्तै पर्साका ५५, बाँकेका ४९, मोरङका ६१, सर्लाहीका ३६, धनुषाका २०, महोत्तरीका १७, बाग्लुङका १३, सुनसरीका १०, काभ्रे, स्याङ्जा र बाराका ७र७ जना तथा मकवानपुरका ६ जनमा संक्रमण पुष्टि भएको छ ।

त्यसैगरी प्रदेश नं. १ को मोरंग जिल्लामा ४८ संक्रमित थपिएसंगै प्रदेश नं. १ मा ६१ ज्ना कोरोना संक्रिमित थपिएको छ ।

सामाजिक विकास मन्त्रालयका अनुसार ४७ जना पुरूष र १४ जना महिलासहित प्रदेश १ मा शनिबार ६१ जना संक्रमित थपिएका हुन् ।

विराटनगर महानगरपालिकाभित्र मात्र शनिबार ३३ जना नयाँ संक्रमित थपिएका छन् । संक्रमितमध्ये २६ पुरूष र ७ महिला रहेका छन् ।

यसैगरी मोरङको बुढीगंगा गाउँपालिकाभित्र रहेको आरती स्ट्रिप्स् इण्डस्ट्रिज प्रा.लि.मा कार्यरत थप १२ जना कोरोना संक्रमण देखिएको छ । प्रदेश जनस्वास्थ्य प्रयोगशाला ल्याबमा गरिएको प्रीक्षणमा शनिबार कर्मचारी र मजदुरहरूमा कोरोना संक्रमण देखिएको हो ।

त्ययसैगरि कोरोना संक्रमित

वांकी अन्तिम पेजमा...

SUKRATARA FURNITURE UDYOG
BIRATNAGAR
9842033365
9805391277



All types of Fabrication, Furniture, Prefab, Truss are available.
Email Id: chattdev007@gmail.com

क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
पू.क्षे.हु.नि.मोरंग द.न. ०१/०७३/७४

## स्वास्थ्य कर्मी...

कर्मचारीमा कोरोना पोजिटिभ रिपोर्ट आएपछि विहीवारदेखि सम्पुर्ण सेवा वन्दा गरेको छ ।

मोरङ सहकारी अस्पतालको पनि आकस्मिकबाहेकका सबै सेवा बन्द गरेको छ । अस्पतालका चिकित्सक र स्वास्थ्यकर्मीमा संक्रमण देखिन थालेपछि सेवा बन्द गर्नु परेको सञ्चालक विकाव अधिकारीको भनाई छ ।

न्युरो अस्पतालका पाँच जना नर्सिङ स्टाफ र एक हेल्परमा कोरोना देखिएको ले सम्पुर्ण स्वास्थ्य सेवाहरु वन्द गरिएको छ । विराट नर्सिङ होमको ओपीडी सेवा अहिलेपछि बन्द नै छ । हालसम्म विराटसँग आवद्ध १३ जनामा संक्रमण पुष्टि भइसकेको छ ।

कोशी अस्पतला संक्रमणकै कारण श्रावण १५ गते देखि ओपीडी सेवा वन्द गरिएकोमा यसै साता देखि संचालनमा आएको छ । चिकित्सक, नर्सिङ स्टाफसहितका स्वास्थ्यकर्मी र कर्मचारी गरेर शुक्रबारसम्ममा कोशीमा १६ जनालाई कोरोना पोजेटिभ देखि सकिएको छ ।

स्वास्थ उपचार गर्ने अस्पताल र नर्सिङ्ग होमहरुमा चिकित्सक र स्वास्थ्य कर्मी नै कोरोना संक्रमण भएपछि अस्पतालहरु असुरक्षित भएको भन्दै विरामीहरुको उपचार गर्न सर्वसधारहरु छोडि सकेको छ । सरकार अस्पताल र निजी नर्सिङ्ग होम र प्राईभेट क्लिनिकहरु समेतमा डाक्टरहरु उपचार गर्न छाडि सकेका छन् ।

## कोरोना...

मोरङ जिल्लामा थाएिको गाउंपालिकाहरुमा धनपालथान गाउँपालिकामा १ जना, कटहरी गाउँपालिकामा १ जना र उर्लाबारी नगरपाकिलामा १ जना, सुनसरी जिल्लामा १० जनामा संक्रमण पुष्टि भएको छ । संक्रमण पुष्टी भएका धरान उपमानगर पालिकाका २ जना पुरूष र २ जना महिला, दुहबी नगरपालिकामा ३ जना पुरुष र १ जना महिलामा संक्रमण देखिएको छ भने इनरुवा नगरपालिकामा २ पुरुषमा संक्रमण पुष्टि भएको छ ।

महोत्तरी जिल्ला ठेगाना उल्लेख गरीएका २ जना र सप्तरीको राजविराज उल्लेख गरीएको १ जना पुरुषमा कोरोना पुष्टी भएको सामाजिक विकास मन्त्रालय प्रदेश नं. १ जनाएको छ ।

मोहोत्तरी ठेगाना उल्लेख गरिएका २ र राजविराज ठेगाना उल्लेख भएका १ पुरूषमा पनि कोरोना संक्रमण देखिएको सामाजिक विकास मन्त्रालयले जनाएको छ । प्रदेश नं. १ मा कोरोना संक्रमितको संख्या १ हजार ३ सय ७३ पुगेको छ भने उपचारपछि घर फर्किनेको संख्या ९ सय ८ जना पुगेको छ । त्यसैगरी प्रदेश नं. १ मा कोरोना संक्रमणबाट ५ जनाको मृत्यु भएको छ ।

प्रदेश नं. १ को राजधानी विराटनगरको कोशी अस्पतालमा सैयाको अभाव भई विराटनगर महानगर पालिका भित्रका विभिन्न वडाका करीब ४ दर्जन संक्रमितहरु घरमै बस्न बाध्य भएको छन् ।

## लागु औषध...

औषधिमा मिसाएर सेवन गर्दा लागुऔषधको जस्तै नसा दिने भएकाले ट्रामाडोल सरकारले नेपालमा पूर्ण रुपमा प्रतिबन्ध लगाएको छ ।

प्रतिबन्धित अवैध औषधिसहित पक्राउ गरिएका खड्कालाई भने हिरासतमा राखेर थप कारबाही अघि बढाइएको छ ।

घरबाटै डिलर सञ्चालन गरेका खड्का पूर्वका विभिन्न सहरमा प्रतिबन्धित औषधि 'सप्लाई' गर्ने अवैध डिलर सञ्चालक भएको खुलेको छ । प्रतिबन्धित औषधि फार्मेसीहरुलाई पनि उपलब्ध गराउने गरेको अनुसनधानवाट खुलेको छ ।

औषधि ऐन २०३५ अनुसार कारबाही गर्न अनुसन्धान अघि बढाइएको छ । प्रारम्भिक अनुसन्धान बाट खड्काले ऐनको दफा १८ को बर्खिलाप गरेको प्रष्ट खेलेको छ ।

ऐनको दफा १८ ले कुनै पनि औषधिको दुरुपयोग गर्न नपाइने र दुरुपयोग गरेमा कैद र जरिवानाको सजाय हुने व्यवस्था रहेको छ ।

# प्रदेश नं. १ मा कोरोना भाइरस संक्रमितको संख्या थपिदैं




विराटनगर । प्रदेश नं. १ मा आज मात्रै ४३ जना कोराना संक्रमित थपिएसंगै संक्रमितको संख्या १ हजार १ सय ७१ पुगेको छ ।

प्रदेश नं. १ समाजिक विकास मन्त्रालयले जााए अनुसार आज मात्रै मोरंगमा २० जना थपिएको छ । जसमध्ये १५ जना पुरुष र ५ जाना महिला रहेको छ ।

त्यसैगरी विराटनगर महा नगरपालिका मा ८ जनामा संक्रमण देखिएको छ । जसमध्ये कोशी अस्पतालका २ स्टाफ नर्स र एक सफाइ कर्मचारीमा कोरोना संक्रमण देखिएको छ । कोरोना संक्रमण देखिएको विराटनगर महा नगरपालिका वडा नं. ७ की २६ वर्षीया महिला, वडा नं. ८ की ३० वर्षीया महिला, वडा नं. ११ का ४१ वर्षीय पुरुष र ९ वर्षीय बालक, वडा नं. १२ का ३३ र ३२ वर्षीय पुरुष, वडा नं. १३ का ३२ वर्षीया महिला र वडा नं. १४ का पुरुष रहेको छ । विराटनगर महानगर पालिकाले जनाए अनुसार विराटनगर क्षेत्रमा कोरोना संक्रमितको संख्या १ सय ५० पुगेको छ ।

त्यसैगरी मोरङको बुढिगंगामा १ महिला र ३ पुरुष, लेटाङमा २ पुरुष, उर्लाबारीमा १ पुरुष र केराबारीमा २ पुरुषमा कोरोना पोजेटिभ देखिएको छ । मोरङमा कोरोना संक्रमितको संख्या ३ सय ९२ पुगेको छ ।

सुनसरीको इटहरीमा ११ पुरुष र १ महिला, धरानमा ३ पुरुष, दुहबीमा ४ पुरुष र इनरुवामा १ पुरुषमा कोरोना देखिएको छ । जिल्ला अस्पताल खोटाङको आइसोलेशनबाट कोरनामुक्त भई एक पुरुष डिस्चार्ज भएको छ ।

त्यसैगरी झापामा ८ जना पुरूष, इलामा २ पुरूष र धनुषा स्थायी ठेगाना भएका १ जनामा कोरोना संक्रमण देखिएको छ । झापाको कचनकबलमा ३, भद्रपुरमा १, दमकमा २ र गौरिगञ्जमा २ जनामा संक्रमण देखिएको छ ।

प्रदेश नं. १ मा ९ सय ९७ जनाको पिसिआर बिधिबाट कोरोना परीक्षण गरिएको र अहिलेसम्म ४६ हजार ७ सय ६८ जनाको परीक्षण भइसकेको मन्त्रालयले जानकारी दिएको छ । प्रदेश १ मा कोरोना संक्रमणका कारण मृत्यु हुनेको संख्या ४ पुगेको छ ।

# कोरोनालाई जितेर ४३ जना घरफर्किए

विराटनगर । विराटनगर महानगर पालिका भित्र २ सय ४५ जनामा कोरोना संक्रमण देखिएकोमा ४३ जना कोरोनालाई जितेर डिस्चार्ज भएका छन् ।

महानगर पालिकाको विभिन्न वडामा शुक्रवार ३३ जनामा संक्रमण पुष्टीको थियो । सोही राती स्वाव परिक्षणको रिपोपर्ट थप २२ जनामा कोरोना पुष्टी भएसंगै संक्रमितको संख्या २ सय ४५ पुगेको छ ।

कारोना संक्रमितमा दुई जना संचारर्मी समेत थपीएको विराटनगर महानगरपालिका जनस्वास्थ्य महाशाखा प्रमुख रमेश कार्कीले वताउनु भयो ।

विराटनगर महानगर महानगर पालिका भित्र करी २ सय भन्दा वढीको स्व परिक्षण गर्दा ५५ जनामा कोराना संक्रमण फेला परेको हो ।

विराटनगर महानगरपालिका भित्र २ सय भन्दा बढिको स्वाब परिक्षण गर्दा ५५ जनामा कोरोना देखिएको हो । संक्रमितहरु मध्ये विराटनगर महानगर पालिका वडा नं. को ४ जना, वडा नं. ३ को १ जना, वडा नं. ५ को १ जना, वडा नं. ६ का २ जना, वडा नं. ७ को ३ जना, वडा नं. ८ को १ जना, वडा नं. १० को १ जना, वडा नं. ११ को १ जना, वडा नं. १३ को ४ जना र वडा नं. १४ को १ जना रहेको छ ।








## अस्पतालकै जगतमा एक मात्र सुरक्षा अस्पताल

सुरक्षा अस्पताल प्रा.लि.सबैको सहयोगले स्त्री रोग तथा प्रसुती सेवा पाचौं वर्ष पुरा गरेर छैठौ वर्षमा प्रवेश गरेको र नवजात शिशुको उपचार दोस्रो वर्षमा प्रवेश गर्नुका साथै हाल ढाड तथा नशा रोग, **painless** प्रसुती सेवा, **Emergency** सेवा नया एंव अध्याधिक भरपर्दो **(ICU/MICU,NICU)** तथा जेनरल वार्डमा विभिन्न प्रविधिहरु सहितको सुविधा सम्पन्न सेवा संचालन भएको सबै सेवा ग्राहीहरुमा जानकारी गराउँदछौं ।

### हाम्रो सेवाहरु :-

- ★ स्त्री रोग तथा प्रसुती सम्बन्धी सम्पूर्ण सेवाहरु
- ★ रोग सम्बन्धी (PICU,NICU With Ventilator) सेवा
- ★ जनरल फिजिसियन सेवा
- ★ जनरल सर्जरी तथा हाडजोडर्नी नशा रोग सम्बन्धी सम्पूर्ण सेवा
- ★ Minor & Major surgery सेवा
- ★ Laparoscopic surgery (दुरबीन द्वारा अप्रेशन) सेवा
- ★ इन्टरभेसनल स्पाइन एण्ड क्रोनिक पेन म्यानेजमेन्ट
- ★ 24 Hours Emergency सेवा
- ★ विशेष डाक्टरहरु द्वारा ओ.पि.डी. सेवा
- ★ २४ घण्टा ल्याब सेवा, एम्बुलेन्स सेवा र फार्मेसी सेवा
- ★ इनफर्टिलिटी क्लिनिक सेवा
- ★ **X-Ray, ECG,ECHO,USG,HSG,Cystoscopy**

सुरक्षा अस्पताल प्रा.लि.
वीरेन्द्र सभागृह अगाडी
सम्पर्क न. ०२१- ५३६९४१


परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशकःश्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउटःविजय कु.मण्डल मुद्रकःबाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेलःcrimeopration@gmail.com

## सम्पादकीय

# कोरोना संक्रमित व्यक्तिको व्यवस्थापन गरौं

कोरोना भइरस कोभिड-१९ को महामारीले विश्वलाई अक्रान्त गर्नुका साथै नेपालमा पछि दिन प्रतिदिन कोरोन संक्रमितको संख्या तीन अंकले वृद्धि भई रहेको छ । कोरोना संक्रमितलाई आइशोलेशन रुपम सम्म पुऱ्याउन सरकारलाई हम्मे-हम्मे परेको छ। प्रदेश नं. १ को राजधानी विराटनगरमा त अस्पतलामा शैया नभएर कोरोना संक्रमितहरु घरमा बस्न वाध्य भएको छन्। त्यस्ता कोरोना संक्रमित देशभरीका कति छन् त्यसको तथ्यांक सरकार संग छैन । घरको आइशोलेशनमा बसेका कोराना संक्रमितहरु बाटै समुदायमा भूसको आगो जस्तै फैलि रहेको छ। त्यस प्रति नेपालका संघिय सरकार, प्रदेश सरकार र स्थानिय सरकारले प्रभावकारी भूमिका खेल्न सकेका छैन । जुन तरीकाले कोरोना संक्रमितको संख्या वृद्धि भइरहेको छ त्यसवाट सिधै अनुमान लगाउन सकिन्छ कि नेपालको अस्पतालहरुको शैयाले कोराना संक्रमितलाई थेग्न सक्दैनन् ।

कोरोना संक्रमणलाई रोक्न मात्रत्र सरकारले भूमिका खेलेरमात्र हुँदैन यसमा आम नागरिक सचेत हुन् आवश्यक छ । कोरोना महामारीको रोकथामको एकमात्र उपाय भनेको भौतिक दुरी, मास्क लगाउने, भिडभाड नगर्ने, घरमै बस्ने, साबुन पानीले हात धुने, सेनिटाईजरको प्रयोग गर्ने जस्ता कामहरुलाई सवैले गर्न सके कोरोनवाट बच्न सकिन्छ। यस्ता उपायहरुलाई अवलम्वन गराउन सरकारी संयन्त्र पनि परिचालन हुन आवश्यक छ। त्यसपछि सरकारले पनि परिक्षणको दायरा वढाउन आवश्यक छ । परिक्षणवाट कोरोना भाइरस पुष्टी भएका व्यक्तिलाई आईशोलेशनमा राख्न व्यवस्था मिलाउन अति आवश्यक छ त्यसकोलागि सरकारले पूर्व तयारीमा जुट्न आवश्यक छ। कोरोना संक्रमितको अग्रभागमा रहेको स्वास्थ्य कर्मीहरुको असावधानी र सरकारले उपलब्ध गराउन नसकेको स्वास्थ्य सामग्रीका कारण अहिले स्वास्थ्य कर्मीहरुमा कोरोना संक्रमण तिब्र रुपमा वृद्धि भई रहेको छ। त्यसैगरी प्रहरी, पत्रकारमा कोरोना संक्रमण देखिएपछि थप समस्या जटिल हुन गएको छ।

त्यसैले संघिय सरकार, प्रदेश सरकार र स्थानीय सरकारहरुले एक अर्कासंग समन्वय गरी कोरोना भाइरससंग लड्न योजना वनाउन आवश्यक छ। सत्तापक्ष र विपक्ष बिच सत्ताको झमेला खडा गर्नु भन्दा पनि सवै राजनीतिक दलहरु मिलेर कोरोना भाइरससंग लड्नको र व्यवस्थापनको लागि विज्ञहरुसंगको सल्लाह-सुझाव लिन आवश्यक छ। अहिले पार्टीको झगडा, रामको भूमि खोज्ने, रामको मुर्ति वनाउने, मेला लगाउन जस्ता प्रधानमन्त्री केपी शर्मा ओलीको फजुल भाषण भन्दा कोरोना संक्रमणको व्यवस्थापनको लागि आइशोलेशनको व्यवस्था गर्न आवश्यक छ।

## साप्ताहिक राशिफल

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)**: पारिवारिक असमझदारी बढ्नेछ भने महत्त्वाकांक्षी सोचले मन अशान्त रहनेछ। पशुपालनमा सहयोगीहरू जुट्नाले यथासमयमा काम गर्न सकिनेछ।

**वृष (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो)**: ठीक समयमा सही निर्णय लिन सकिनेछ। पढाई लेखाईमा उत्कृष्ट नतिजाका साथ सफलताको सिडिहरु चढ्न सकिनेछ।

**मिथुन (क, कि, कु, घ, ङ, छ, के, को, ह)** : प्रेम प्रस्तावसमेत प्राप्त हुनसक्छ । मन लोभ्याउने पहिरनले अरूको नजर आफूमाथि पार्नेछ। घर ,जग्गा खरिद तथा बिक्रिको योग छ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)**: व्सामाजिक तथा न्यायिक क्षेत्रमा संलग्न व्यक्तिहरूले सफलता प्राप्त गर्नेछन्। व्यापार व्यवसायबाट पनि विशेष लाभ हुने देखिन्छ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)**: तपाईंको राशिबाट बारौं भावमा सूर्यले भ्रमण गर्नाले आर्थिक पक्ष कमजोर हुनेछ। धन प्राप्तिका निम्ति पेसा व्यवसाय एवं स्थान परिवर्तन हुन सक्छ।

**कन्या (टो, प, पी, पू, ष, ण, ठ, पे, पो)**: सृजनात्मक क्षमतालाई प्रस्फुटन गर्न सक्नुहुन्छ। आफन्त र साथीभाइबाट सहयोग तथा हौसला प्राप्त हुनेछ।

**तुला (रा, री, रु, रे, रो, ता, ती, तु, ते)**: अनुहारमा कान्ति र मनमा शान्ति छाउला। अचल सम्पत्ती हातपर्ने योगछ। क्षमता प्रदर्शन गर्ने क्रममा पदोन्नतिको ढोका खोलिनेछ।

**वृश्चिक (तो, ना, नि, नू, ने, नो, या, यि, यू)**: प्रेम सम्बन्धमा मधुरता मिल्नेछ । काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ । सद्विचारले अभिप्रेरित हुनेहरूलाई बिस्तारै लाभ हुनेछ।

**धनु (यो, भा, भी, भू, ध, फा, ढ, भे)**: स्वास्थ्यप्रति सजकता अपनाउनु पर्नेछ । सामाजिक कार्य गर्दा मान-प्रतिष्ठा कायम राख्न गोपनियतामा ध्यान पुऱ्याउनुहोला ।

**मकर (भो, जा, जी, जू, जे, ख, खि, खू, खे, गा, गी)**: वद्या, बुद्धि र सन्तान सुख मिल्नेछ। अतिथिको रूपमा सत्कार पाइनेछ। प्रणयसम्बन्ध र रतिराग बढाउने समयपनि रहेको छ।

**कुम्भ (गु, गे, गो, सा, सी, सु, से, सो, द)** : अधिकार प्राप्तिका लागिसंघर्श गर्नु पर्ला। नयाँ योजना कार्यान्वयनमा ल्याउन मुस्किल पर्ला। व्यापार व्यवसायबाट आम्दानी हुनेछ।

**मीन (दी, दु, थ, झ, ञ, दे, दो, च, ची)** : कुनै कारणवश रोकिएको कामलेपनि गति लिनेछ। काम गर्दा आकस्मिक समस्या आइलागेपनि समस्याको हलसमेत निस्कनेछ।

# सरकारको मनमौजी, बिचौलियाको बिगबिगी, संसद जिल्ल



**इश्वरी प्रसाद पोखरेल**

संघीयता कार्यान्वयनमा राजनीतिक क्षेत्रभन्दा कयौं गुणा बढी प्रशासनिक भूमिका र दायित्व हुन्छ । संघीयता कार्यान्वयनमा संघीय सरकारको ध्यान नपुग्नु वा प्राथमिकता नहुनु नै वर्तमान सरकारको नेतृत्वप्रतिको आशंका हो ।

संघीय सत्तामा झण्डै दुईतिहाइ, सात प्रदेशमध्ये छ वटा प्रदेशमा एकाधिकार तथा झण्डै ७० प्रतिशत स्थानीय तहमा प्रभुत्व छ। नेकपाका सर्वशक्तिशाली प्रधानमन्त्री तथा नेकपा पार्टीका प्रथम अध्यक्षलाई संघीयता कार्यान्वयनमा केको बाधा छ ? सत्ता, शक्ति र साधनस्रोतको मोह हो वा संघीयताको ज्ञान अभाव हो ?

प्रदेश सरकार तथा स्थानीय तहका प्रमुख-उपप्रमुखहरु मौन छन्। उनीहरुले प्रदेश तथा स्थानीय तहको सार्वजनिक सेवाको ढाँचा निर्माण र जनशक्ति व्यवस्थापनका अन्यायका बारेमा कहिल्यै बोलेका छैनन्। यही कारण संघीयताले केही नयाँ काम गर्न सकेन, साधारण खर्चमात्र बढायो भन्दै प्रदेश संरचना विरुद्ध जोडदार आवाज उठाउने जनसमूहले जनताको साथ पाएको छ।

हाम्रो सन्दर्भमा संघीयता ठीक वा बेठिक ? राजनीतिक मुद्दा सकिएको र संघीयता अपरिहार्य स्वीकारिएको विषय हो। कार्यान्वयनका विषयमा समस्या हुँदा संघीयताबाट देशको कायापलट हुन्छ भन्ने धारणाको राजनीति गर्नेहरुले जवाफ दिनुपर्ने हुन्छ। यसर्थ राजनीतिक तथा प्रशासनिक क्षेत्रबाट संघीयता कार्यान्वयनमा संघीय सरकारलाई जेजति दबाव र न्यायिक आवाजबाट जिम्मेवार बनाउनुपर्ने हो, नसकेको वा चुकेको पाइन्छ।

राजनीतिक पार्टीहरुले प्रदेश तथा स्थानीय तहको नेतृत्वबाट जनताको विश्वास लिनुपर्छ र संघीयताका पक्षमा जनसमर्थनको आवाज धेरै उठाउनुपर्ने हुन्छ। त्यसअनुरुप नेतृत्वमा क्षमता विकास र न्यायिक अधिकारका पक्षमा आवाज नउठाएकाले जनता धेरै निराश छन्। तापनि मुलुकका सचेत नागरिक समाज, विशुद्ध बौद्धिक वर्ग, स्वतन्त्र प्रशासनविद तथा आम सरोकारवाला जनताको प्रशासन सुदृढीकरण तथा पारदर्शितामा आवाज उठेको छैन । यो दुखद र चिन्ताको विषय हो ।

**कमजोर सार्वजनिक प्रशासन का परिणामहरु**

संघीय, प्रदेश तथा स्थानीय तहहरुले प्रशासनिक अस्थिर नेतृत्वका कारण सही तरिकाले मुलुक सञ्चालन गर्न सकिरहेका छैनन्। सरकारी कार्यालयहरुमा व्यक्ति मुख्य तर संस्थागत क्षमता कमजोर हुने पद्धति प्रश्नयित छ। सामूहिकता र सहभागिता सिद्धान्त छ, व्यवहार छैन। अपवादलाई छाडेर राजनैतिक तथा प्रशासनिक जतासुकैको नेतृत्वमा आफू नै सर्वेसर्वा र जान्ने हुँ भन्ने अहंकार छ। जीहजुरीमा खप्पिस र चाटुकारहरु नेतृत्व प्रिय हुन्छन्।

हरेक समाजमा नेतृत्वलाई देवत्करण गराउने प्रवृत्ति प्रश्नयित हुँदा दाससंस्कृति मौलाएको छ। राजनीतिक तथा प्रशासनिक नेतृत्व दुवै मिलेर जथाभावी शासकीय अधिकारको प्रयोग गर्दै, देश लुट्दै छन्। राजकीय सुशासन तथा आर्थिक अनुशासन कथाको मिठो सपना मात्र देखिन्छ।

हो, हिजोका विकृतिहरु बालुवाटार जग्गा प्रकरण, एनसेल कर मिनाहा काण्ड, वाइडबडी खरिद काण्ड, ३३ किलो सुन हराउने काण्ड, आयल निगम जग्गा खरिद तथा अनियमितता काण्ड, रेडक्रस अनियमितता काण्ड, देशका शिक्षण संस्था लगायत सबै क्षेत्रमा मौलाएका अराजकता र अनियमितताका सयौं र हजारौं काण्डहरु सार्वजनिक भइरहेका छन्।

यी सबै राजनीतिक तथा प्रशासनिक उत्तर दायित्वको अभाव र मिलेमतोमा भएका हुन् भन्ने देखिन्छ। यसर्थ जोसुकै हैसियतको पदाधिकारी दोषी होस्, कठोर दण्ड दिन वर्तमान सरकार चुक्नु हुँदैन। सबैतिरका बेथिति खोजी उजागर गर्न र दण्डित गर्दै सार्वजनिक पदमा रहेका पदाधिकारीहरुको सम्पत्ति छानविन गरी अकुत सम्पत्ति राष्टियकरण गर्न हिम्मत गरिनुपर्छ। तर, कुनै सकारात्मक गति र बाटो नलिएको अवस्थामा माथि उल्लेखित कुनै काण्डहरु भोलिका दिनमा रोकिने छैनन् र अझ वृद्धि हुनेछन् भन्ने स्पष्ट चित्र तीन तहको सरकार हुँदा देखिनु ठूलो चिन्ताको विषय हो।

**स्वायत्त विज्ञबाट संरचना निर्माण**

राज्य शासनका तह अनुसार राजनीतिक तथा प्रशासनिक संरचना हुन्छन्। यही कारण राजनीतिक तथा प्रशासनिक नेतृत्वका लागि छुट्टाछुट्टै कानुनी हैसियतमा शासकीय अधिकार स्पष्ट व्यवस्था गरिनु उचित हुन्छ। सार्वजनिक सेवामा समान पदको हैसियतमा हुने पदाधिकारीको कार्य क्षेत्राधिकार कानुनअनुसार फरक-फरक हुने भएपनि पदीय मान सम्मान तथा मर्यादामा कुनै किसिमको भेदभाव नहुने सुनिश्चितता हुनुपर्छ। यी वैज्ञानिक व्यवस्था मिलाउने कार्य सेवासमूहगत स्वार्थमा रुमल्लिएका निहित वैयक्तिक अपराधमा फसेका पदाधिकारी हरुबाट कदापि सम्भव देखिँदैन। यसर्थ संघीयतामा राजनीतिक तहकै हैसियतमा संविधान अनुरुपका कार्यक्षेत्रको कार्यान्वयन र प्रशासनिक जवाफदेहिता र उत्तरदायित्व वहन गर्ने स्वायत्त संयन्त्र निर्माण गर्न स्वायत्त विज्ञहरुबाट संघ, प्रदेश तथा स्थानीय तहका प्रशासनिक संरचना निर्माण र जनशक्ति निर्धारण हुनु आवश्यक देखिन्छ।

**सार्वजनिक पदको दुरुपयोग अस्वीकार्य**

राज्यको जिम्मेवार पदाधिकारी सामूहिक स्वार्थमा क्रियाशील हुनु पर्दछ। कुनै पनि कार्यसम्पादन गर्न एकाधिकार प्राप्त निकाय वा त्यसका पदाधिकारीले आफूलाई उपलब्ध अधिकारको चरम दुरुपयोग गरेमा अपराध ठानिनु न्यायोचित हुन्छ। नेपालमा सार्वजनिक सेवाका रुपमा स्थापित निजामती सेवाको नीति, ऐन कानुन, नियमावली र परिपत्र आदि जारी गर्ने अधिकार प्राप्त निकाय संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र त्यहाँका पदाधिकारीहरु हुन्।

विडम्बना ! उक्त मन्त्रालयमा सामान्य प्रशासन सेवाका बाहेक अन्य सेवाका कर्मचारीको कुनै उपस्थिति हुँदैन। निजामती सेवाका अन्य ११ वटा सेवाका दर्जनौं समूह तथा सयौं उपसमूहका कर्मचारीहरुलाई पूर्ण बेवास्ता गरिएको पाइन्छ। उक्त मन्त्रालय प्रशासन सेवाको हितलाई मात्र मुलुकको निजामती सेवाको कल्याण ठान्छ। सोही विचारमा आधारित भएर ऐनहरु निर्माण गर्छ।

विधेयकलाई सार्वजनिक बहसमा लैजान, समग्र निजामती सेवाका कर्मचारीहरुको विधेयप्रति धारणा के छ ? कुनै रायसुझाव लिन चाहँदैन। यसर्थ अपारदर्शी बन्ने सार्वजनिक सेवा सम्बद्ध विधेयकको निर्माण गर्ने पदको दुरुपयोग गर्ने पदाधिकारीलाई अस्वीकार्ने अधिकार नहुने सार्वभौम नागरिकको जीवन पनि के जीवन ? निराशा हुन्छ। अन्यथा, जनताले कानुन मानेपनि ती सार्वजनिक पदको दुरुपयोग गर्ने पदाधिकारीलाई अस्वीकार्ने र विद्रोह गर्ने मौका नागरिकले पाउनै पर्छ।

**सरकारको मनमौजी, बिचौलियाको बिगबिगी !**

सरकारले विधेयक निर्माण गरी संसदमा पेस भएपछि आम जनताका जानकारीका लागि सूचना जारी गर्ने तथा सरोकारवालाहरुलाई संशोधन हाल्न वा गुनासा पेस गर्न आव्हान गरिने कुनै चलन विकास गरिएको छैन।

उदाहरणमा रुपान्तरित संविधान सभाको व्यवस्थापिका ६०१ जना सांसदले बनाएको कर्मचारी समायोजन ऐन २०७४ लाई विना कुनै कारण खारेज गरी कर्मचारी समायोजन अध्यादेश २०७५ बाट सरकारको कर्मचारी समायोजन बाटो मनमौजीपन देखियो र सार्वभौम संसदलाई जिल्ल पारियो।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका कुनै पदाधिकारीको सनकलाई उच्च प्राथमिकता दिएर विभेदकारी कानुन जारी भयो। कर्मचारी समायोजन अध्यादेश २०७५ प्रतिस्थापन विधेयकमाथि विभेदका कुनै विषयलाई लिएर नागरिकका हैसियतमा छलफल गर्न संसद वा समितिहरुमा जान पहुँच सहज थिएन र हुँदैन पनि।

कथंकदाचित संसदका माननीयहरुलाई भेट्न सकियो र

वांकी ५ पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

**दमकल**

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

**एम्बुलेन्स सेवा**

जिविस मोरङ ५३६३५३
नेरसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

**अस्पताल**

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

**प्रहरी**

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

# चुरे दोहन रोक्नु अहिलेको आवश्यकता

डा.राजेश अहिराज

नदी अतिक्रमण, जंगल फडानी, चुरे विनाश, गलत ठाउँमा तटबन्ध निर्माण जस्ता कामले मधेशमा बाढीलाई वर्षेनी उग्र बनाउँदै लगेको छ । बाढीको वेगलाई कसरी धिमा बनाउने, कस्ता छेकबार लगाउने? चासो-चिन्ता यसमा केन्द्रित हुनुपर्छ । तर प्रदेश २ सरकारले अहिलेसम्म यस विषयमा चिन्तन गरेको छैन । यस्तै स्थानीय सरकारहरूले पनि बाढी प्रतिरोधात्मक दिगो शक्ति आर्जनलाई आ-आफ्ना कार्यसूची बनाउन सकेको छैन ।

मधेशका प्रत्येक जिल्लाहरूमा प्राकृतिक प्रकोप व्यवस्थापन समिति छ, तर त्यहाँ आवश्यक तयारी र समन्वय छैन । अब तीन तहको सरकारको परिकल्पना कार्यान्वयनको चरणमा बाढीलगायतका विपत्बारे सबै तहले कार्यभार लिनु परेको छ ।

बाढीको बिगारमा स्वयम् बाढीपीडित पनि जिम्मेवार छन् । नदीको बहाव क्षेत्रमा बसोबास गर्ने, बस्तीको लागि अनुपयुक्त क्षेत्रमा प्लटिङ्ग गरिएका जग्गा किनेर घर ठड्याउने, नदी, पोखरी, इनार मास्ने जस्ता कारणले पनि बाढीको जोखिम बढाएको छ । अब त्यस्ता जोखिम क्षेत्र पहिचान गरेर बस्तीको लागि निषेध गरिनुपर्छ । चुरे विनाशले बाढीलाई विनाशकारी बनाएकोमा शंका छैन । अब चुरेदेखि दशगजा सम्मका बासिन्दा चुरे संरक्षणमा जुट्नुपर्छ । स्थानीय सरकारहरूले ठेकेदार, कर्मचारीतन्त्र र राजनीति कर्मीबीचको भ्रष्टाचारी सिन्डिकेट सिध्याउन आफ्ना मतदाताहरूको सहयोग लिनुपर्छ ।

बाढीसँग जोरी खोज्न सकिँदैन, त्यसलाई चिनेर त्यसैसँग बाँच्न सिक्नुपर्छ । बाढीलाई विनाश होइन, वरदानमा कसरी बदल्ने? त्यो रणनीति आवश्यक छ अब। हाम्रा गाउँशहरको बसोबास, घर र विकासका संरचनाहरू बाढीलाई छेक्ने होइन निकास दिने खालको बनाउनुपर्छ ।

बाढीलाई त्रासदीको रूपमा प्रचार गरेर राजनीति वा कमाउने धन्दा मात्र नगरेर यो आवधिक मनसुनी पानीको व्यवस्थापन, सदुपयोग र जीवन निर्वाहका तौरतरिकामा बदलाव ल्याउन सकियो भने बाढी स्वत: वरदान बन्न सक्छ ।

नेपालको सम्पूर्ण भूभागको १७ प्रतिशत भाग मधेशले ओगटेकोछ । हरेक वर्ष वर्षात्को समयमा बाढीपहिरो र डुबानबाट सरदर २०० जनाको मृत्यु र २ अर्ब बराबरको धनमालको नोक्सान हुने गरेको एक आँकडाले देखाएको छ । तर पनि यसको रोकथाम र नियन्त्रणका लागि प्रभावकारी कार्ययोजना, समस्याको पहिचान र न्यूनीकरणका बारेमा खासै उपलब्धीमूलक काम भएको देखिँदैन ।

अविरल वर्षाका कारण उत्पन्न हुने प्राकृतिक विपत्लाई रोक्न सर्वप्रथम स्थानीय सरकारसँग अधिकतम साधन स्रोत हुन जरुरी छ । त्यही निकायमार्फत् नै जोखिम न्यूनीकरण एवं परिचालन गर्न सकेमा मात्र बाढी र पहिरोबाट हुने उच्च प्राकृतिक संकटबाट नेपाली जनताको जीउधनको सुरक्षा गर्न सकिन्छ ।

हरेक वर्ष बाढीपहिरो आउँदा चाहे सत्ता पक्ष होस् वा प्रतिपक्ष नै किन नहोस् दुवैले जनतासमक्ष यसको रोकथामका लागि प्रतिबद्धताजाहेर गर्ने गर्छन् । त्यसैले अब वर्षा सुरु भइसक्यो, यसबाट हुने हानी, नोक्सानी र क्षति कम गर्न हरेक नेतृत्वले गरेको प्रतिबद्धता कार्यान्वयन गर्नु नै पर्दछ ।

मधेशमा बाढी आउनुको मुख्य कारण चुरे विनाश नै हो । चुरे विनाशका कारण जमिन कमजोर हुन्छ र त्यसले थोरै पानी परे पनि माटो-बालुवा बगाउँदै तराई मधेशमा लगेर थुपार्छ ।

अर्को समस्या, जथाभावी रुपमा नदी उत्खनन् पनि हो । गिट्टी बालुवाका लागि नदीमा जथाभावी उत्खनन् गरेका कारण नदीको बहाव अनियन्त्रित हुने गरेको विज्ञहरु बताउँछन् । त्यसले गर्दा नदीले आफ्नो बाटो परिवर्तन गरी जथाभावी कटान गर्ने गरेको पाइन्छ ।

विभिन्न सहायक नदीहरु अहिले पुरिँदै गइरहेको छ । मान्छेले नदी किनारहरु अतिक्रमण गर्दै नदीसमेत पुर्न थालेपछि नदीबाट बग्ने पानी बस्तीतिर पुग्न थालेको छ । गाउँबस्तीमा रहेका अधिकाँश साना खोला पुरिएका छन् । त्यसमा ठाउँमा कतै खेत बनाइएको छ, कतै बस्ती । त्यसैले पनि त्यस्ता स्थानमा बाढी तथा डुबानको समस्या बढ्ने गरेको पाइन्छ ।

यसपाली नदी नियन्त्रणका लागि ६ अर्ब २० करोड रुपियाँ छुट्याइएको छ । यो बजेट संघीय सरकारको मात्र हो । प्रदेश र स्थानीय सरकारको बजेट छुट्टा छुट्टै हुन्छ । बर्सेनि यही हाराहारीमा बजेट विनियोजन हुँदै आए पनि अहिलेसम्म कुनै पनि नदी नियन्त्रणमा छैन । यो नदीले बस्ती तथा खेतबारीलाई अब क्षति गर्ने छैन भन्ने गरी कतै पनि भरपर्दो संरचना बनाउन सकिएको छैन ।

ठोस काम नगर्ने, बर्सेनि एउटै काम, एउटै क्षेत्रमा गर्नका लागि बजेट छुट्याइरहने र कर्मचारीदेखि नेतासम्म मिलेर कमिशन लिने प्रवृत्ति देखिएको छ । नदी नियन्त्रण, बाढी रोकथामका नाममा संघ, प्रदेश तथा स्थानीय तहले कमाई खाने गरेको पाइन्छ । बाढी आउने बित्तिकै नेताहरुको दौड शुरु हुन्छ । कोही हेलिकप्टर त कोही गाडी त कोही के के साधन प्रयोग गरेर बाढी प्रभावित क्षेत्रमा पुग्ने गरेका छन् । राहत दिएको फोटो खिचाएर प्रचार गर्ने चलन पनि शुरु भइसकेको छ ।

उद्धार र राहतको नाममा स्थानीय तह तथा प्रदेशले करोडौं रुपियाँ खर्च गर्छन् । त्यो कसले पाउँछ, कसरी पाउँछ, त्यसको लेखा जोखा कसैसँग हुँदैन ।

प्राकृतिक प्रकोप वर्षौंपिच्छे आउने गर्छ । यो विषयमा प्रदेश र केन्द्र सरकारले हेक्का नराख्नु, पूर्व तयारी नगर्नु, संकटपछिको विपतलाई प्रभावकारी व्यवस्थापन नगर्नु नै ठूलो समस्या हो । समथल भू-भाग भएको मधेशमा केही दिनको वर्षाले नै डुबानको समस्या सिर्जना गरेको छ, यसको दीर्घकालीन समाधान के हो भन्ने कुरातर्फ सजगता नपनाउनु गम्भीर भूल हो । वनजंगल विनाश, चुरेको दोहन, जलवायूमा परिवर्तन बाढीको मुख्य कारण हो । चुरेको दोहन रोक्नु अहिलेको प्रमुख आवश्यक्ता हो । नदी नियन्त्रण, वृक्षरोपण, जग्गा प्लटिङमा कडाई, बसाई-सराईमा नियन्त्रण, ढलको उचित व्यवस्थापन गर्न सकेमा बाढीबाट केही हदसम्म जोगिन सकिन्छ । (मधेश दर्पण फिचर सेवा)

## सरकारको...

गुनासा राख्न थालियो भने सांसदको धारणा पनि विचित्रको पाइँदो रहेछ । विधेयकमाथि गुनासामा आएका धारणा के कति ठीक ? के कति बेठीक ? विचार मन्थन भन्दा पनि राजनीतिक आस्था बोकेका कथित ट्रेड युनियनहरुका विचार के छन् ? तपाई कुन समूहको ? एक्लै विचार लिएर आउनुभएको ? खिल्ली उडाइँदो रहेछ ।

आम सर्वसाधारण जनताले राजनैतिक क्षेत्रमा मात्र असन्तुष्टि र आक्रोश व्यक्त गरेर पुग्दैन, प्रशासनिक क्षेत्रको विकृति, विसंगति र भ्रष्टाचारलाई उच्च महत्वका साथ उठाएर सुशासनका पक्षमा ध्यान केन्द्रित गर्नु आवश्यक देखिन्छ

तिनै ट्रेड युनियनको पसल थापेर प्रशासनिक क्षेत्रमा विकृति भित्र्याएका बिचौलियाको माध्यमबाट आफ्ना विचार प्रस्तुत गर्न बाध्य पारिन्छ भने, न्याय खोज्न कहाँ जाने ? किनभने, ती कर्मचारीका नाममा विचौलियाको काम गर्ने ट्रेड युनियनहरु प्राय: प्रशासन सेवाका सामान्य प्रशासन र लेखा समूहका कर्मचारीको कब्जामा छन् । तिनै समग्र बेथितिका कारक हुन् भने सुशासन तथा सामाजिक तथा प्राकृतिक न्याय कसरी सम्भव हुन्छ ? तीबाट देशको समृद्धि र सुखी नेपालीको सपना देख्नु आश्चर्य लाग्दो होइन र ?

तीन तहको चुनाव हुनुपूर्व नै ऐनकानुन बनाएर कर्मचारी व्यवस्थापन हुनुपर्नेमा चुकेको नेपाल सरकार वर्षौं निजामती सेवा ऐन संसदबाट पारित गराएर नल्याएकै कारण संघीयता कार्यान्वयनमा समस्या भएको छ । तर, सरकारको मनमौजीका सामू संसदीय सर्वोच्चता जिल्ल र निरीह बनेको अनुभूत हुन्छ ।

तसर्थ हरेक विषय तथा किसिमका विधेयकहरु सरकारले विज्ञको सहमतिमा निर्माण गर्नु उचित हुन्छ र संसदमा पेस भएपछि आम जनताबीच धारणा लिने र सरोकारवालाले खुलेर बहस गर्ने अवसर पनि पाउनुपर्छ । अनि मात्र संघीयताको महत्व वृद्धि हुनेछ ।

सार्वजनिक सेवामा अभिभावक विहीन मुलुक

सरकारको आधिकारिक निकायका रुपमा निजामती प्रशासनको नियमन गर्ने मन्त्रालयका मन्त्री र प्रशासनिक उच्च नेतृत्व नै समग्र निजामती सेवाको सामूहिक हितलाई तिलाञ्जली दिएर स्वार्थी गुट, उपगुटका स्टाइकर हुने गरेको पाइन्छ ।

न्याय अन्याय के हो ? संघीयताको मर्म के हो ? ऐन कतै सामाजिक तथा प्राकृतिक न्यायको खिलाफ पो गयो कि ? सबैको असल अभिभावक हुनुपर्ने मुलुकका सर्वोच्च पदका अभिभावक पदाधिकारी प्रधानमन्त्रीले नै ऐनका विषयमा बृहद बहस थालेको भए, आशा जाग्दो हो, तर राज्य सुशासन तथा व्यवस्थापन समितिमा निजामती सेवा ऐन २०७७ माथि भएको निर्णयलाई लिएर गुनासो गर्न गएका विचौलिया कथित ट्रेड युनियनका एकहोरो कुरा सुनेर उनीहरुकै पक्षमा दुईचार जना सांसदले गरेको निर्णय मान्य हुँदैन भनिरहँदा संसदीय सर्वोच्चता कहाँ पुग्यो ?

संघीय सरकारले आफै गठन गरेको प्रशासनिक पुनर्संरचना उच्च आयोगका सुझावहरुको मर्मअनुरुप निजामती सेवा ऐन हिँडेको छैन । तर, राजनीतिक पार्टीगत कर्मचारी युनियनहरुको स्वार्थ टुट्ने र वर्चस्व हट्नेखालको निजामती सेवा ऐन सरकारको होइन र संसदीय समितिले जबर्जस्ती पास गरेमा लागु हुँदैन भन्ने सन्देश सरकार प्रमुखबाट प्रवाहित हुनु अत्यन्त दुखद समाचार हो ।

निचोड

राजकीय सुशासनका लागि राजनैतिक क्षेत्र र प्रशासनिक जवाफदेहिता समान हुन्छ । नेपालको राजनीतिक नेतृत्व र प्रशासनिक पदाधिकारीबाट यो कुरा आत्मसात नगरिएसम्म देशको गति सुल्टो होइन, उल्टो नै हुनेछ । तसर्थ, राजनीतिक व्यक्तित्व, प्रदेश तथा स्थानीय तह, बौद्धिक समाज, सञ्चार क्षेत्र, विविध क्षेत्रमा सुशासनका लागि विभिन्न नामका अभियान सञ्चालनकर्ताहरु तथा आम सर्वसाधारण जनताले राजनैतिक क्षेत्रमा मात्र असन्तुष्टि र आक्रोश व्यक्त गरेर पुग्दैन, प्रशासनिक क्षेत्रको विकृति, विसंगति र भ्रष्टाचारलाई उच्च महत्वका साथ उठाएर सुशासनका पक्षमा ध्यान केन्द्रित गर्नु आवश्यक देखिन्छ ।

(पोखरेल नेपाल सरकारका उपसचिव हुन्)

सूचना सूचना सूचना

सड्क क्षेत्रको दायाँ बायाँ रहेका रुख काट्नु सार्वजनिक अपराध हो । यसरी रुखहरु काटिएको पाईएमा नियम कानून बमोजिम कारवाही हुने व्यहोर । जानकारी गराउँद छौ । सडक हाम्रो सार्वजनिक सम्पति हो, यसका संरक्षण र सम्बर्द्धन गरौ, सडक सफा राखौं र सडक अतिक्रमण हुनबाट जोगाऔं ।

सडक डिभिजन विराटनगर, प्रदेश नं. १

# कोरोना भाइरसको महामारीले विश्वभरमा ७ लाखको मृत्यु

विराटनगर । विश्वमा कोरोना महामारीका कारण मृत्यु हुनेको संख्या ७ लाख २४ हजार ७ सय ३२ पुगेको छ ।

२४ घण्टा भित्र विश्वभरमा १ हजार ५ सय ४८ जनाको ज्यान गएको छ । विश्वभर कोरोना संक्रमित हुनेको संख्या १ करोड ९५ लाख ७४ हजार पुगेको छ । विश्वभर ४१ हजार ९ सय ५५ नयाँ संक्रमित थपिएका छन् ।



कोरोना संक्रमित भएका मध्ये १ करोड २५ लाख ६८ हजार भन्दा बढी व्यक्ति उपचारपछि निको भई घर फर्कि सकेका छन् । ६५ हजार संक्रमितको अबस्था गंभिर छ भने बाँकीको अवस्था मध्यम रहेको छ ।

अमेरिकामा कोरोना संक्रमणका कारण मृत्यु हुनेको संख्या १ लाख ६४ हजार पुगेको छ । संक्रमितको संख्या ५० लाख ९७ हजार नाघेको छ । ब्राजिलमा २९ लाख ६७ हजार बढी संक्रमित हुँदा ९९ हजार ७ सय बढीको ज्यान गएको छ ।

भारतमा २० लाख ९१ हजार ८ सय १० जना संक्रमित भएका छन् । कोरोना संक्रमणबाट ४२ हजार ६ सय २६ जनाको मृत्यु भएको छ । भारतमा ४ हजार ९ सय ४६ नयाँ संक्रमित थपिएका छन् ।

रसियामा ८ लाख ८२ हजार बढी संक्रमित भएका छन् । रसियामा १४ हजार ८ सय बढीको मृत्यु भएको छ । दक्षिण अफ्रिकामा ५ लाख ४५ हजार बढी कोरोना संक्रमित मध्ये ९ हजार ९ सय बढीको मृत्यु भएको छ ।

# सिरहा गोलबजारका कोरोना संक्रमित युवकको मृत्यु

विराटनगर, श्रावन २३ गते । सिरहा जिल्लाको गोलबजार नगरपालिका घर भएका कोरोना संक्रमित २३ वर्षिय यूवकको मृत्यु भएको छ ।

सो यूवाको सुनसरीको धरान स्थित विपी कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको़ आईसोलेसनमा उपचार गराई रहेको कोरोन संक्रमणका कारण मृत्यु भएको छ ।

मिर्गौलामा समस्या देखिएपछि सो यूवामाको स्वाव परिक्षण गरेपछि बुधबार जनकपुरमा कोरोना पुष्टि भएको थियो । यूवकको थप उपचारको लागि धरान ल्याईएको थियो ।

जनकपुरबाट रिफर भएर आएका उनको विहीवार रातीनिधन भएको प्रतिष्ठानका प्रवक्ता डा.निदेश सापकोटाले वताए ।

शव व्यवस्थापनका लागि नेपाली सेनालाई जिम्मा लगाउने तयारी भइरहेको प्रतिष्ठानले जानकारी गराएको छ ।

**उपभोक्ताहरुमा अनुरोध:**

१. उपभोग्य वस्तु खरिद गर्नुअघि अनिवार्यरुपमा वस्तुको मुल्य, उत्पादकको नाम एवं ठेगाना, तौल, उत्पादन मिति र उपभोग गर्न सकिने अन्ति मिति हेर्ने गरौं ।
२. उत्पादन मिति, उपभोग गर्न सकिने अन्तिम मिति नभएको वा केरमेट गरेको वा पुन: लेबलिङ् गरेको वस्तु वा सामान खरिद नगरौं ।
३. वस्तु वा सामान खरिद गर्दा अनिवार्यरुपमा बिल लिने गरौं ।
४. अखाद्य, सडेगलेको वा म्याद नाघेको तथा अस्वाभाविकरुपमा बढी मूल्य लिई वा कम तौलका वस्तु बिक्रि गर्नु गैर कानूनी कार्य हो ।
५. उपभोग्य वस्तुमा त्स्ता त्रुटीहरु भेटिए पैसा नलाग्ने नम्बर ११३७ मा फोन गरी वा Consumer App मार्फत गुनासो गर्न सकिन्छ ।

"सचेत उपभोक्ता बनौं, आफ्नो मौलिक अधिकारको सदुपयोग गरौं ।"

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# आँटिला महिलामाथि चोटिला प्रहार


उमा पोडेल

"बैनी विदेश गएको छोरी मान्छेलाई समाजमा अरु मान्छेहरुले पटक्कै मन पराउँदनैन् के गर्ने होला ?" वैदेशिक रोजगारीको क्षेत्रमा काम गर्ने दौरानमा केही वर्ष अघि संगै कामगर्ने एकजना दिदीले यस्तो प्रश्न गर्नुभयो । उहाँ वैदेशिक रोजगारीबाट फर्किएर आउनुभएको हो । उहाँको यही प्रश्न आजभोली मेरो मानसपटलमा घुमिरहेको छ ।

काँडा बिझेर बनेको खिल निकाल्न सियोले पटकपटक घोच्नुपर्छ । उनलाई पनि समाजले त्यसैगरि घोचेको रहेछ । अनेक पटक घोचेपछि उनको मनबाट यस्तो प्रश्न आएको हुनुपर्छ । मैले ठम्याए । जुन उनको अनुहारबाट पनि झल्किन्थ्यो ।

सोधे "के भयो र दिदी ? किन यस्तो भन्नुभएको ?" मलिन अनुहारमा उहाँले भन्नुभयो, "पहिले पहिलेकोजस्तो गाउँका दिदीबहिनी हरु राम्रोसंग बोल्दैनन् । खै उनीहरुलाई के लाग्छ मलाई देखेर कोही साउती मार्दै हिँड्छन् । कोही तर्कन खोज्छन् ।"

कस्तो पिरो मन बनायो दिदीको कुराले । बलबुताले भ्याएसम्म सम्झाएँ र भने, "कसले के भन्छ ? कसरी हेर्छ ? भन्ने कुरालाई वास्ता गर्नुहुन्न दिदी । तपाईंले प्रगति गरेको देखेर डाह गरेका हुन्, छाडिदिनुस् । जसले जे सुकै भनोस् ।"

उहाँको गहिरो पीडाको लागि वजनदार ओखति त भएन मेरो भनाई । तर पनि केही राहत महशुस गर्नुभयो कि उहाँले ! काँडा निस्किएपछि टनटन गरेको ठाउँमा जसरी सन्चो हुन्छ, उसैगरी उनको मनभित्र गढेको पीडा चट्टै निको पार्ने कुनै औषधि भएको भए ।

केही वर्षअघिको यो संवाद मैले स्मरण गर्नुको कारण हालसालै प्रकाशित भएका केही समाचारहरु हुन् । कोभिड-१९ को महामारी पश्चात् अहिले धमाधम नेपालीहरु लाई गन्तब्य मुलुकबाट स्वदेश फर्काउने कार्य भैरहेको छ । गएको शुक्रबार सरकारले दुबईबाट १ सय १ जना महिलाहरुलाई घर फर्कायो । सोही दिन केही अनलाईनमा समाचार देखिए "दुबईबाट नेपाल फर्किएका १ सय १ जना महिलामध्ये ९४ जना गर्भवती ।"

उक्त समाचारलाई शेयर गर्ने र कमेन्ट गर्नेको लर्को लाग्यो । समाचारमा गर्भवतीमध्ये २७ जनाका श्रीमान् साथमै नेपाल फर्किएको, बाँकि यू.एई.मै कार्यरत रहको र भिजिट भिसामा श्रीमान् भेट्न यू.एई. पुगेको विवरण उल्लेख भएको थियो । त्यसबाहेक यस सम्बन्धी अन्य कुनै पनि जानकारी त्यहाँ उल्लेख गरिएको छैन । सोही शिर्षककै समाचारमा अन्य देशहरुबाट कति नेपाली फर्किए, कुनकुन एयरलाईन्सका जहाँजहरु आए भन्ने जस्ता जानकारीहरु समावेश भएका थिए । गर्भवती महिलाका सन्दर्भमा उक्त दुई वाक्यबाहेका अन्य कुनै तथ्य वा जानकारी थिएन । तर समाचारको मुख्य शिर्षक ९४ जना गर्भवती फर्किनुलाई बनाईएको थियो ।

त्यसको लगत्तै अर्कोदिन अर्को समाचार पनि सामाजिक संजालमा भाईरल बन्यो । शिर्षक थियो "मलेसियाबाट फर्किएका महिलाको पीडाः प्रहरीले पक्रिएर चौकी हैन, लज पुऱ्याउँथे ।"तलपट्टी विदेश गएर फर्किएका महिलाहरुको अनुभवलाई यसरी हाईलाईटेड गरियो "प्रहरीको गलफ्रेण्ड र साहुको नक्कली श्रीमती ।" यो समाचार ५८.६ प (५८ हजार ६ सय) शेयर भएको थियो । उक्त समाचारलाई पढ्न सक्ने र नसक्ने गरी कमेन्ट गर्नेहरुको लाईन थियो ।

वैदेशिक रोजगारबाट फर्किए काहरुको पुनर्स्थापनाका लागि काम गर्ने संस्था पौरखी नेपालले वैदेशिक रोजगारबाट समस्यामा परेर फर्किएका १ हजार ७ सय ७७ महिलाहरुसंग केही वर्ष अघि एउटा सर्वेक्षण गरेको थियो । समस्या नै भोगेर फर्किएका भनिएका महिलाहरुमध्ये १ प्रतिशत (१८ जना) महिला वैदेशिक रोजगारमा जाँदा बच्चासहित फर्किएको, २ प्रतिशत (३४ जना) महिला गर्भवती भएर फर्किएको र ५ प्रतिशत (८३ जना) महिला अस्थिर मानसिक अवस्थामा फर्किएको पत्ता लागेको थियो । स्मरण रहोस् यो वैदेशिक रोजगारमा समस्यामा परेका महिलाहरुसंग गरिएको सर्वेक्षण हो । यसरी तथ्यांकलाई हेर्दा १ हजार ७ सय ७७ जना समस्यामा परेका महिलाहरुमध्ये जम्मा १ सय ३५ जनाले मात्रै वैदेशिक रोजगारका क्रममा समस्या भोगेका थिए । शेल्टरमा रहेमा अन्य महिलालाई नेपालमा परिवार तथा समाजमा पुनर्स्थापनाको समस्या रहेको थियो ।

नेपाल सरकारले आर्थिक वर्ष २०५०/५१ देखि वैदेशिक रोजगारमा जानेहरुको तथ्यांकलाई दस्ताबेज गर्न शुरू गर्यो । उक्त समयदेखि आर्थिक वर्ष २०७५/०७६ को तथ्यांकलाई हेर्दा ५१ लाख ३४ हजार १ सय ४५ जना पुरषहरु श्रम स्वीकृति लिएर वैदेशिक रोजगारमा गएका छन् भने उक्त अन्तरालमा २ लाख १८ हजार २ सय ९७ जना महिला वैदेशिक रोजगारमा गएको तथ्यांक छ ।

वैदेशिक रोजगारमा गएका यी लाखौं महिलाहरुमध्ये केही महिलाहरुले पक्कै वैदेशिक रोजगारका कारण समस्या भोगेका छन् । तर धेरै महिलाहरुले वैदेशिक रोजगारबाट आम्दानीसंगै, सीप र प्रविधिहरु भित्र्याएका छन् । हाम्रोजस्तो पितृसत्तात्मक सोच भएको समाजमा विदेश गएर पैसा कमाएर परिवार धान्ने आँट गरेका छन् । राज्यको चौथो अंग संचारमाध्यमजस्तो निकाय, जसले व्यक्तिको व्यवहार परिवर्तनदेखि सरकारको नीति निर्माण, परिमार्जन र कार्यान्वयनसम्ममा महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । वैदेशिक रोजगारबाट यति महिला गर्भवती फर्किए, प्रहरीले चौकी भनेर लज लान्छन्, साहुको श्रीमती भएर बस्नुपर्छ भन्नेसम्मका समाचार प्रकाशन हुने संचारमाध्यममा किन विदेशबाट सफलतापूर्वक काम गरेर फर्किएका महिलाका कथा बाहिर ल्याइदैनन् ? किन ती आँटिला, हिम्मतिला र साहसिक महिलाहरुलाई उत्प्रेरणा जगाउँने गरी लेखिदैनन्, बोल्दैनन् । यसो भन्दै गर्दा सबै संचारमाध्ययहरुलाई एउटै खाडलमा राख्न खोजेकी भने पक्कै हैन ।

वैदेशिक रोजगारबाट फर्किएका महिला बिटुला भन्दै आफ्नै श्रीमान्ले महिलाको योनीभित्र रड तताएर चोख्याएको घटना प्रत्यक्ष सुनेकी छु । विदेश गएकी अविवाहित महिलाको नेपाल फर्किएपछि चरित्रका कारण विवाह हुन नसकेका कथाहरु मेरा कानमा गुन्जिरहेका छन् । के समाजमा महिलाहरुले भोगिररहेका यस्ता समस्याहरुको कुनै मूल्य छैन ? विदेश जाने महिलाको विषयमा गलत टिकाटिप्पणी गर्ने संचार माध्ययले वैदेशिक रोजगारमा भएका र फर्किएका महिलाका विषयमा संवेदनशील बन्नु पर्छ कि पर्दैन ? संवेदनशील नबन्ने हो भने महिलाले परिवार र समाजबाट भोगका यस्ता गलत ब्यवहारको जिम्मेवारी संचारमाध्यमले लिनु पर्छ कि पर्दैन ? महिला खबरबाट

# प्रदेश नं. १ का मुख्य न्यायाधीवक्ता कोरोना संक्रमित

विराटनगर । प्रदेश १ सरकारको कानुन हेर्ने उच्च ओहोदाका व्यक्तिसहित परिवारका तीन जनाको कोरोना रिपोर्ट पोजेटिभ आएको छ ।

प्रदेश १ को मुख्य न्यायाधीवक्ता कार्यालयका प्रमुखसहित उहाँका छोरा र श्रीमीतीमा कोरोना देखिएको हो । प्रदेश सरकारको उच्च ओहोदामा बसेकालाई संक्रमण भएको यो नै पहिलो घटना हो ।

विराटनगर महानगरपालिका-५ घर भएका मुख्य न्यायाधीवक्ता र उहाँका परिवारका सदस्यको रिपोर्ट गयराति पोजेटिभ आएको हो । कोरोनासँग मिल्ने केही लक्षण देखिएपछि परीक्षणका लागि उहाँसहित तीनै जनाको स्वाब संकलन गरिएको थियो ।

एक साता अघि उहाँमा कोरोनासँग मिल्दोजुल्दो लक्षण देखिएको थियो । केही दिन ज्वरो पनि आएको थियो । तर औषधि खाएर निको भइसक्यो भन्दै बसेका उहाँको स्वाब परीक्षण गराउँदा रिपोर्ट पोजेटिभ आएको हो ।

संक्रमित तीनै जनालाई आइसोलेसमा भर्ना गर्ने तयारी भइरहेको जनाइएको छ । मुख्य न्यायाधीवक्तामा भएको संक्रमणको स्रोत खुल्न नसकेको प्रदेशको सामाजिक विकास मन्त्रालयले जनाएको छ ।

संक्रमित सबैको अवस्था सामान्य रहेको मन्त्रालयको भनाइ छ । 'कुनै ट्राभल हिस्ट्रीनै नभएका उहाँमा कोरोना देखियो,' मन्त्रालय स्रोतले भन्यो, 'जसले समुदायस्तरमा संक्रमण फैलिएको पुष्टि गर्छ ।' विराटनगर महानगरपालिकाका जनस्वास्थ्य महाशाखा प्रमुख रमेश कार्कीले संक्रमणको पछिल्लो घटनाले उच्च ओहोदामा रहेकाहरु पनि सुरक्षित छैनन् भन्ने पुष्टि गरेको बताउनु भयो ।

त्यही भएर सबैले कुनै खाले लापरबाही नगरिकन विशेष सावधानी अपनाउनुको विकल्प नभएको उहाँको सुझाव छ । विराटनगरमा मुख्य न्यायाधीवक्ताको कार्यालय र प्रदेशको हुलाक निर्देशनालयको काम कारबाही एउटै भवनबाट सञ्चालन भइरहेको छ ।

भवनको तल्लो तलाबाट हुलाक र माथिल्लो तलाबाट मुख्य न्यायाधीवक्ताको कार्यालयको काम हुँदै आएको हो ।

मुख्य न्यायाधीवक्तालाई कोरोना देखिएपछि हुलाकका कर्मचारीहरु त्रसित बनेका छन् । स्वाब संकलन गरेर उनीहरुलाई पनि कोभिड-१९ को दायरामा ल्याउनु पर्ने आवाज उठिरहेको छ ।


**उत्पादकमा अनुरोध:**

१. आफूले उत्पादन गर्ने वस्तुको उपर्युक्त प्याकिङ्ग गरौं।
२. उत्पादनको प्याकिङ्गमा वस्तुको उत्पादनको नाम, उत्पादन मिति, प्रयोग गनर् सकिने अन्तिम मिति, प्रयोग भएका Ingredients, तौल, अधिकतम खुद्र मूल्य प्रष्टरुपमा देखिने गरी लेबलिङ्ग गरौं।
३. कुनै बिक्रेताले आफ्नो उत्पादनको प्रयोग गर्न सकिने म्यादभित्र बिक्री गर्न नसकेका उत्पादनहरु फिर्ता लिई नयाँ उत्पादनले प्रतिस्थापन गर्ने पद्धति बसालौं।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग


## स्वास्थ्य

### नवजात शिशुमा देखिने खतरा र स्याहर गर्ने तरीका

नवजात शिशु स्याहार गर्ने तरिका

१. नवशिशु जमिने बित्तिकै सफा, नरम कपडाले पुछेर सुख्खा पर्नुपर्छ ।
२. नवशिशुको नाभी काट्ने बित्तिकै नाभी मलम लगाउनुपर्छ, अन्य कुनै कुरा लगाउनु हुँदैन ।
३. नवशिशुलाई जन्मेको १ घन्टाभित्र आमाको बिगौती दूध खुवाउनुपर्छ ।
४. नवशिशुलाई आमाको छातीमा टाँसेर न्यानो पारेर राख्नुपर्छ ।
५. नवशिशुलाई २४ घन्टासम्म नुहाउनु हुँदैन ।
६. ठूला बच्चाभन्दा नवशिशुहरु चाँडै बिरामी हुने र चाँडै सिकिस्त हुने हुनाले विशेष ध्यान दिनु आवश्यक छ ।
७. नवशिशुलाई संक्रमण हुनबाट जोगाउन धेरै भीडभाड भएको स्थानमा नलग्ने, शिशुलाई छुँदा, स्तनपान गराउँदा साबुनपानीले मिचीमिची हात धुनुपर्छ ।
८. नवशिशुलाई २४ घन्टामा कम्तिमा १० देखि १२ पटकसम्म आमाको दूध खुवाउनुपर्छ ।
९. शिशुलाई जन्मेदेखि ६ महिनासम्म अनिवार्य रुपमा आमाको दूध मात्र खुवाउ पर्छ अन्य कुरा खुवाउनु हुँदैन ।
१०. नवशिशुलाई खतराका लक्षणहरु देखिएमा तुरुन्तै स्वास्थ्य संस्थामा लैजानुपर्छ ।
११. बच्चा जन्मेको ३५ दिनभित्र अनिवार्य रुपमा जन्म दर्ता गराउनुपर्छ ।
१२. सरकारले नवशिशु बिरामी तथा मृत्युदर घटाउन यसै आ.व. २०७२/०७३ देखि नि:शुल्क नवशिशु उपचार गर्ने व्यवस्था सबै स्वास्थ्य संस्थामा गरेकोछ ।

नवशिशुमा देखिने खतराका लक्षण

१. कम्पन आउने, २. सास फेर्न गाह्रो हुनेरछिटोछिटो सास फेर्नु,
३. धेरै कम तौलको बच्चा हुनु, ४. धेरै ज्वरो आउनु,
५. बच्चाको हातखुट्टा चिसो हुनु, ६. दूध चुस्न नसक्नु,
७. नाइटोबाट रगत वा पिप बग्नु, ८. आँखा र छाला पहेँलो देखिनु,
९. बच्चा सुस्त वा बेहोस हुनु,
१०. जन्मेको २४ घन्टासम्म बच्चाले दिशा(पिसाब नगर्नु,
११. बच्चाको शरीरभरि बिबिरार फोका आउनु,
१२. आँखा रातो हुनु, सुनिनु वा पिप बग्नु। आदि ।


**कर तिरौ, राजश्व बढाऔं**

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौ देशको राजस्व बढाऔं ।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसायी सञ्चालन गर्नुहोस् ।
लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर ।
कर्तव्य ठानेर कर तिरौ नव नेपाल निर्मामामा सभागी बनौं ।
सामान किनौ गतिलो ठानेर बिल मागौं अधिकार ठानेर ।

नेपाल सरकार
आन्तरिक राजश्वकार्यालय विराटनगर



**विराटनगर महानगरपालिको अपिल**

१. नोभेल कोरोना (कोभिड-१९) संक्रमण, नियन्त्रण र रोकथामको लागि यस महानगरपालिका क्षेत्र भित्र संचालनमा रहेको सवै पसल, उदोग तथा व्यवसायीहरुले सेवा लिन आउने आगन्तुकहरुका लागि साबुन पानी वा सेनिटाईजर ले हात धुने व्यवस्था मिलाउनु पर्ने ।
२. नोभेल कोरोना (कोभिड-१९) भाइरस विरुद्ध सामाजिक संघ संस्थाहरुले गरेको र गर्ने कामको बारेमा महानगरपालिकालाई जानकारी गराई नदोहोरीन र प्रगति अभिलेख एकद्धार प्रणालीको व्यवस्थपन र्कामा सहयोग गर्ने ।
३. महानगरपालिका अन्तर्गत संचालन हुने साप्ताहिक हाटबजारहरु अर्को सूचना नभएसम्म का लागि स्थगित (वन्द) गर्ने ।

थप जानकारीको लागि ९८४२०२३६७९, ९८५२०३२८१८, ९८४४०९९३७०

क्राईम अपरेशन

# जानिए भगवान श्रीकृष्ण के जीवनके अनजाने राज

**डा. छाया मंगल मिश्र**

शिव का सावन चाहे पूरा हो गया हो लेकिन जन्माष्टमी आने को है, शिव के साथ कान्हा हमारे हृदय में विराजते हैं। उनके बारे में कुछ ऐसी बातें जानते हैं, जो हमें उनकी विशेषताओं से चमत्कृत करती हैं ।

श्रीकृष्ण की परदादी मारिषा और सौतेली मां रोहिणी (बलराम की मां) नाग जनजाति की थीं। श्रीकृष्ण के पालक पिता नंद आभीर जाति से थे जिन्हें आज अहीर कहा जाता है जबकि उनके वास्तविक पिता वसुदेव ययाति के पुत्र यदु के वंशज थे। इसी कारण श्रीकृष्ण को यादव कहा जाता है ।श्रीकृष्ण बलराम से केवल ज्ञ वर्ष एवं ड दिन छोटे थे, पर वे उनका आदर अपने पिता की तरह करते थे ।

गोकुल में इंद्र के प्रकोप से लोगों को बचाने के लिए उन्होंने अपनी कनिष्ठा अंगुली पर गोवर्धन को पूरे ठ दिनों तक उठाए रखा। श्रीकृष्ण हर प्रहर अर्थात दिन में ड बार भोजन करते थे। जब गोकुलवासियों ने देखा कि उनके कारण कृष्ण ठ दिनों से भूखे हैं तो गोवर्धन की पुनस् स्थापना के बाद उन्होंने श्रीकृष्ण के ड बार के हिसाब से छ्छ तरह के पकवान बनाकर खिलाए। तभी से श्रीकृष्ण को छ्छ भोग चढ़ाने की परंपरा शुरू हुई ।

सामान्यत: मृदु रहने वाली श्रीकृष्ण की मांसपेशियां युद्ध के समय विस्तककत हो जाती थीं। यही कारण था कि स्त्रियों के समान दिखने वाला उनका लावण्यमय शरीर युद्ध के समय अत्यंत कठोर दिखाई देने लगता था ।

श्रीकृष्ण की त्वचा का रंग मेघश्यामल (काला) था और उनके शरीर से एक मादक गंध स्रावित होती थी अत: उन्हें अपने गुप्त अभियानों में इनको छुपाने का प्रयत्न करना पड़ता था, जैसे कि जरासंध अभियान के समय। ठीक ऐसी ही खूबियां द्रौपदी में भी थीं इसीलिए अज्ञातवास में उन्होंने सैरन्ध्री का कार्य चुना ताकि चंदन, उबटन आदि में उनकी गंध छुपी रहे। पांडवों की दादी सत्यवती के शरीर से भी ऐसी ही मादक गंध आती थी, जो उन्हें महर्षि पराशर के आशीर्वाद से प्राप्त हुई थी ।

श्रीकृष्ण अंतिम वर्षों को छोड़कर कभी भी द्वारिका में छ महीने से ज्यादा नहीं रहे। ज्ञछ वर्ष की आयु में गोकुल को छोड़ने के बाद श्रीकृष्ण कभी भी वापस नहीं गए। वे दुबारा अपने पालक नंद, यशोदा और अपनी बहन एकनंगा से नहीं मिले। हालांकि उन्होंने एक बार उद्धव को वहां भेजा था जिसे लोगो ने श्रीकृष्ण ही समझ लिया, क्योंकि उद्धव की काया भी श्रीकृष्ण से बहुत मिलती थी ।

श्रीकृष्ण के बड़े भाई बलराम अपने जीवन में केवल एक बार गोकुल गए थे। अनुश्रुतियों के अनुसार श्रीकृष्ण ने आधुनिक 'मार्शल(आर्ट' का विकास ब्रज क्षेत्र के वनों में किया था और 'रासलीला' और 'डांडिया' उसी का नककत्य




रूप है। 'कलारीपट्टु' का प्रथम आचार्य श्रीकृष्ण को ही माना जाता है और इसी कारण द्वारका की 'नारायणी सेना' आर्यावर्त की सबसे भयंकर प्रहारक सेना बन गई थी ।

केवल श्रीकृष्ण को ही भगवान विष्णु का परमावतार और उनके सर्वाधिक समकक्ष माना जाता है, क्योंकि वे नारायण की ज्ञछ कलाओं से युक्त थे। उन्होंने अपने गुरु सांदीपनि के आश्रम में केवल छद्ध दिनों में छद्ध विद्याओं का ज्ञान अर्जित कर लिया था ।

कृष्ण के रथ का नाम 'जैत्र' था और उनके सारथी का नाम दारुक ( बाहुक) था। उनके रथ में द्ध अश्व जुते रहते थे जिनके नाम शैव्य, सुग्रीव, मेघपुष्प और बलाहक थे। कककष्ण के धनुष का नाम श्राङ्ग, खड्ग का नाम नंदक, गदा का नाम कौमोदकी और शंख का नाम पाञ्चजन्य था, जो गुलाबी रंग का था। उनका मुख्य आयुध सुदर्शन चक्र था। ये सभी दिव्यास्त्र भगवान विष्णु के थे, जो बाद में श्रीकृष्ण को मिले ।

श्रीकृष्ण को भगवान विष्णु का परमावतार या पूर्णावतार कहते हैं, क्योंकि कृष्ण अवतार ही नारायण के सर्वाधिक निकट माना जाता है। कहा जाता है कि श्रीराम भगवान विष्णु के ज्ञद्द गुणों के साथ अवतरित हुए इसीलिए उनमें मानवीय गुण अधिक था और उन्हें पुरुषोत्तम कहा गया किंतु श्रीकृष्ण भगवान नारायण के सभी ज्ञछ गुणों के साथ जन्मे जिस कारण उन्हें परमावतार कहा गया। यही कारण है कि जहां श्रीराम को सभी दिव्यास्त्र तपस्या अथवा गुरु से प्राप्त करने पड़े वहीं श्रीकृष्ण को वे स्वतस् ही मिल गए ।

कौमोदकी को विश्व का प्रथम और सबसे शक्तिशाली गदा माना जाता है जिसका निर्माण स्वयं भगवान ब्रह्मा ने नारायण के लिए किया था। भगवान विष्णु से वो गदा श्रीकृष्ण को प्राप्त हुई। महाभारत में कृष्ण के अतिरिक्त कौमोदकी को केवल बलराम और भीम ही उठा सकते थे ।

जब श्रीकृष्ण पुत्र साम्ब, दुर्योधन पुत्री लक्ष्मणा से विवाह करने हस्तिनापुर गया तो दुर्योधन ने उसे बंदी बना लिया। श्रीकृष्ण हस्तिनापुर के लिए जाने वाले थे कि बलराम उन्हें द्वारका में ही रोककर स्वयं हस्तिनापुर गए। जब दुर्योधन ने साम्ब को मुक्त करने से इंकार किया तो बलराम ने अपने हल से हस्तिनापुर को गंगा की ओर झुका दिया जिससे हस्तिनापुर गंगा में डूबने के कगार पर पहुंच गया। बाद में भीष्म के बीच(बचाव के बाद दुर्योधन ने साम्ब को मुक्त किया और लक्ष्मणा का विवाह भी उससे कर दिया। वर्तमान के हस्तिनापुर की भूमि अभी भी गंगा के छोर की तरफ झुकी हुई है ।

अर्जुन को विश्व का सर्वश्रेष्ठ धनुर्धर माना जाता है किंतु मद्र की राजकुमारी लक्ष्मणा के स्वयंवर में अर्जुन भी लक्षवेध नहीं कर पाए थे। फिर श्रीकृष्ण ने लक्षवेध कर लक्ष्मणा से विवाह किया, जो पहले से ही उन्हें अपना पति मान चुकी थी ।

बाणासुर के विरुद्ध तो उन्हें स्वयं भगवान शिव से युद्ध लड़ना पड़ा और भगवान रुद्र के कारण ही बाणासुर के प्राण बच पाए। आज वैज्ञानिक जैविक युद्ध की बात करते हैं, पर युगों पहले उस युद्ध में भगवान शिव के महेश्वरज्वर के विरुद्ध उन्होंने वैष्णवज्वर का प्रयोग कर दिया था, जो संसार का पहला जीवाणु युद्ध था ।

महाभारत युद्ध में कर्ण ने श्रीकृष्ण से प्रार्थना की कि मरने के बाद उसका अंतिम संस्कार ऐसी जगह हो, जहां कोई पाप न हो। संसार में ऐसी कोई जगह नहीं थी, जहां पाप न हो। इसीलिए श्रीकृष्ण ने कर्ण का अंतिम संस्कार अपने हाथों पर किया था।

ऋषि और गांधारी के श्राप के कारण अंत समय में उनके पुत्र साम्ब के गर्भ से एक मूसल पैदा हुआ और देखते ही देखते मूसल का ढेर लग गया। वहीं समुद्र किनारे सारे यादव वीर उन्हीं मूसलों से आपस में लड़ने लगे जिससे क्षुब्ध होकर श्रीकृष्ण और बलराम ने वहीं उगी घास को उखाड़कर स्वयं सभी यादवों का संहार कर दिया। इसके बाद पहले बलराम और फिर श्रीकृष्ण ने भी संसार का त्याग कर दिया। महाभारत के मौसल पर्व में इसका विस्तृत वर्णन है ।

श्रीकृष्ण के जन्म के समय और उनकी आयु के विषय में पुराणों व आधुनिक मिथक विज्ञानियों में मतभेद हैं। हालांकि महाभारत के समय उनकी आयु ठद्द वर्ष बताई गई है। महाभारत के पश्चात पांडवों ने घछ वर्ष शासन किया और श्रीकृष्ण की मृत्यु के तुरंत बाद ही उन्होंने भी अपने शरीर का त्याग कर दिया। इस गणना से श्रीकृष्ण की आयु उनकी मृत्यु के समय लगभग ज्ञण्ड वर्ष थी। यह संख्या हिन्दू धर्म में बहुत ही पवित्र मानी जाती है। यही नहीं, परगमन के समय न श्रीकृष्ण का एक भी बाल श्वेत था और न ही शरीर पर कोई झुर्री ही थी ।




# मोरंगको रंगेली नगरपालिकाको एउटै वडामा २३ संक्रमित

विराटनगर। प्रदेश नं. १ को मोरंग जिल्लाको पुरानो सदरमुकार हालको रंगेली नगरपालिकामा २९ जना कोरोना संत्रमित देखिएकोमा वडा नं. ७ मा मात्रै २३ जना संक्रमित देखिएको छ।

सामाजिक विकास मन्त्रालयले दिएको जानकारी अनुसार रंगेलीमा ७ मा १७ पुरुष र ६ महिलामा संक्रमण देखिएको छ।

त्यसैगरी रंगेली वडा नं. ६ ३ जना र वडा नं. २ मा २ जना पुरुष र वडा नं. ५ को १ जना पुरुषमा संक्रमण देखिएको छ।

त्यसैगरी विराटनगर महानगर पालिकामा आज पुष्टि भएका ३२ संक्रमितमध्ये विराटनगर २ नम्बर वडाका सबैभन्दा धैरै रहेको पाइएको छ।

संक्रमितमध्ये विराटनगर वडा नं. २ का ५ जना छन्। यसैगरी विराटनगर स्थित न्यूरो हस्पिटलका थप २ जना कर्मचारीलाई कोरोना संक्रमण देखिएको छ।

न्युरो अस्पतलामा प्रशासनतर्फका एक जना पुरूष र सरसफाइ गर्ने एक जना महिलामा कोरोना संक्रमण फेला परेको छ ।

त्यसैगरी मोरङ सहकारी अस्पतलामा १ जना पुरूषमा संक्रमण देखिएको छ। बिहीबार मोरङ सहरीमा एक जना चिकित्सकसहित ५ जना संक्रमण पुष्टि भएको थियो।

आज स्वावको रिपोट आए अनुसार विराटनगर महानगर पालिका वडा नं. ३ को ४ जना, वडा नं. ४ को १ जना, वडा नं. ५ को ३ जना, वडा नं. ६ को १ जना, वडा नं. ७ को १ जना, वडा नं. ९ को ४ जना, वडा नं. १० मा १ जना, वडा नं. ११ मा १ जना, वडा नं. १३ को १ जना, वडा नं. १४ को १ जना र वडा नं. १५ को १ जनामा कोरोण संक्रमण देखिएको छ।छन्। केही संक्रमितको स्वाब संकलन गर्दा विराटनगर मात्र ठेगना उल्लेख भएकोले उनीहरुको वडा खुलेको छैन।

# मोरंग सहित पन्द्रह जिल्लामा निषेधज्ञा जारी

विराटनगर, श्रावण २१ गते। कोरोना महामारी रोक्न देशका मोरंग जिल्ला सहित १५ जिल्लाका विभिन्न स्थान तथा क्षेत्रमा निषेधाज्ञा जारी गरेको छ।

गृह मन्त्रालयका अनुसार, सप्तरी जिल्ला भरी, धनुषाको जनकपुर उपमहानगर पालिका र क्षीरेश्वरनाथ नगरपाकि केही क्षेत्र, नुवाकोटको पुर्व बोहोरे भन्ज्याङ, पश्चिम नयां चौतारा, उत्तर बागेश्वरी भन्ज्याङ, दक्षिण पोखरी डाडा, हिलेटोल, बाँकेको जिल्लाभरी मोरङको विराटनगर महानगर पालिका क्षेत्र, पर्साको जिल्ला भरी, बारा जिल्लाभरी, महोत्तरी सदरमुकाम आसपास (जलेश्वर नगर पालिका र महोत्तरी गाउँ पालिका) मा निषेधाज्ञा जारी गरीएको छ।

त्यसैगरी झापा जिल्लाको विर्तामोड नगरपालिका क्षेत्र, अर्जुन धारा न.पा. क्षेत्र सुनसरीको बराह क्षेत्र नगरपालिका वडा नं. ६,७,८ बझाङ जिल्लाको थलारा गाउँपालिका वडा नं. ५, केदास्यूं गाउँपालिका वडा नं. ६ र ७, दार्चुला जिल्लाको मार्मा गाउँपालिका क्षेत्र, सर्लाही जिल्ला भरी र स्याङ्जा जिल्ला भरी निषेधाज्ञा जारी गरिएको छ।

# विराटनगर महानगर पालिका कोरोनाको उच्च जोखिममा

विराटनग। कोरोनाको संक्रमण समुदायमा फैलिएको भन्दै विराटनगर महानगर पालिकाले गरेको लकडाउनकै वेला संक्रमण तिब्र फैलिदैसंत्रमितको सख्या १ सय ६९ पुगेका छ भने महानगरको १९ वटै वडाहरु उच्च जोखिममा रहेको छ।

महानगरपालिकाको जनस्वास्थ्य महाशाखा प्रमुख रमेश कार्कीले दिएको जानकारी अनुसार आज ११ जनामा कोरोना संक्रमण पुष्टि भएको छ। विराटनगर महानगर पालिकाको १९ वटै वडा कोरोना संक्रमणको जोखिममा रहेको वहांको भनाई छ।

विराटनगर महानगर पालिका भित्र गरीएको स्वाब परीक्षणमा ७ पुरुष र ४ महिलामा संक्रमण देखिएको छ। संक्रमित हुनेहरुमा विराटनगर महानगर पालिका वडा नं. ११ का ३ जना, वडा नं. ३ को २ जना, वडा नं. ५ को ३ जना, वडा नं. ७ को ३ जना रहेका छन्।

कोरोना संक्रमित विराटनगर वडा नं. ५ का संक्रमित महिला विराट नर्सिङ होममा कार्यरत एक कर्मचारीको आमा हुने भने दुई जना पुरुष दुद्री बजारमा तरकारी व्यापार गर्ने बाबु-छोरा छ। अन्य संक्रमितको विवरण खुल्न सकेको छैन।

